शुद्धोधन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

शुद्धोधन गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७८)

गाउँसभाबाट स्वीकृत मितिः २०७८/०८/२३

प्रमाणिकरण मितिः २०७८/०८/२८

शुद्धोधन गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७८)

प्रमाणिकरण मितिः २०७८/०८/२८

शुद्धोधन गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस गाउँपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दीको अधिनमा रहि प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि शुद्धोधन गाँउ सभाबाट मिति २०७८/०८/२३ मा यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम " शुद्धोधन गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७८) " रहेको छ ।

ख. यो कार्यविधि गाउँसभाबाट पारित गरेपछि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "अध्यक्ष " भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ग. "कार्यविधि" भन्नाले "शुद्धोधन गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि(पहिलो संशोधन, २०७८)समेत सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ. "प्राविधिक कर्मचारी" भन्नाले दफा ३ (२) बमोजिम प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले दफा (६) बमोजिम गठित पदपूर्ती समिति सम्झनु पर्दछ ।

३. कार्यविधि लागू हुने क्षेत्र र सेवाः (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) तथा स्थानीय तहमा सेवा प्रवाह सम्वन्धी व्यवस्थाको दफा १५(४) बमोजिम प्राविधिक कर्मचारी करारमा नियुक्ति गर्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

(२) कार्यालयले देहायको सेवासँग सम्वन्धित प्राविधिक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा नियुक्ति गर्न सक्नेछः

(क) इन्जिनियरिङ्ग सेवासँग सम्बन्धित

(ख) कृषि सेवासँग सम्बन्धित

(ग) पशु सेवासँग सम्बन्धित

(घ) वन सेवासँग सम्बन्धित

(ङ) स्वास्थ्य सेवासँग सम्बन्धित

(छ) अन्य कुनै प्राविधिक सेवासँग सम्बन्धित

(ज) विविध सेवासँग सम्बन्धित

△(झ) श्रेणीविहिन कर्मचारी

△ प्रथम संशोधन २०७८ मा थप गरिएको ।

४.छनौट सम्बन्धी व्यवस्थाः दफा (३) बमोजिमका प्राविधिक कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) प्राविधिक कर्मचारीको अनुसूचि - १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी कार्यालयको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची - २ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदन फारामको नमूना अनुसूची - ३ बमोजिम हुनेछ । आवेदन दस्तुर र अन्य छनौट विधि दफा (६) अनुसार गठन भएको पदपूर्ती समितिले निर्धारण भए बमोजिम हुनेछ ।

(३) दफा (१) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा (६) को पदपूर्ति समितिले मूल्याङ्कन गरी सूचिकृत गर्नेछ :

- क) शैक्षिक योग्यता वापत ३० (तीस) अंक, (विशिष्ट श्रेणी वा GPA ३.६ भन्दा माथि ३०, प्रथम श्रेणी वा GPA ३.२ देखि ३.६ सम्म २५, द्वितीय श्रेणी वा GPA २.८ देखि ३.२ सम्म २०, तृतीय श्रेणी वा GPA २.८ भन्दा कम १५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)
- ख). कार्य अनुभव वापत – अधिकतम १५ (पन्ध्र) अंक (प्रति वर्ष ३ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।
- ग.) स्थानीय वासिन्दालाई देहाय बमोजिम - ५ (पाँच) अंक
  १. शुद्धोधन गाउँपालिकाको वासिन्दा भएमा - ५ अंक
  २. रुपन्देही जिल्लाको वासिन्दा भएमा - २ अंक
  ३. अन्यको हकमा १ र २ अनुसारको अंक प्राप्त हुनेछैन ।

(४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिंग, स्वास्थ्य तथा पशु चिकित्सा लगायत अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यावसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।

५. सूचिकरणको विवरण प्रकाशन गर्ने : (१) दफा ४ उपदफा (३) को क,ख,ग बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरु दफा (६) बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचिकरणको विवरण प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकरण प्रकाशन गर्दा माग पद संख्या भन्दा कम्तीमा दोब्बर संख्या हुने गरी उम्मेदवारको सूचि प्रकाशन गर्न सकिनेछ । सूचीकृत भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

तर आवेदननै कम परेको अवस्थामा कम उम्मेदवार सूचिकरण गर्न कुनै बाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राखुपर्नेछ ।

- प्रथम संशोधन २०७८ मा संशोधन गरिएको

किशुन चन्द्र चौधरी
अध्यक्ष

६. पदपूर्ति समितिः (१)माग पद संख्याका आधारमा कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अङ्क प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गरी लिखित परीक्षा, सीप परीक्षण र अन्तर्वार्ता समेत लिई करार नियुक्तिका लागि सिफारिस गर्न देहायको पदपूर्ती समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) अध्यक्षले तोकेको विषय विज्ञको रुपमा
सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको अधिकृतस्तरको कर्मचारी -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको विषयगत शाखाको अधिकृतस्तरको कर्मचारी-सदस्य

(ङ) प्रशासन शाखा प्रमुख -सदस्य

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

७.पाठ्यक्रम तथा योग्यता सम्बन्धी व्यवस्थाः यस कार्यविधि बमोजिम नियुक्ति हुने कर्मचारी छनौट परीक्षाको पाठ्यक्रम तथा योग्यता लोकसेवा आयोगबाट सो पदका लागि निर्धारण भए बमोजिम हुनेछ।

२)अन्य योग्यताहरु देहाय बमोजिम हुनेछ ।

(क) नेपाली नागरिक हुनुपर्ने ।

(ख)१८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्गता भएका व्यक्ति ४० वर्ष पुरा नभए सम्म उम्मेदवार हुन सक्नेछन् ।

(ग) नैतिक पतन देखि नै फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

(घ) मानसिक सन्तुलन ठिक भएको ।

(ङ) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी कसुरदार नठहरिएको ।

(च) अन्य कुनै कानुनले अयोग्य नभएको ।

८. परीक्षा सम्बन्धी व्यवस्थाः

१) दफा ५ (१) बमोजिम सूचिकृत उम्मेदवारहरुको परीक्षा देहाय बमोजिम संचालन हुनेछ ।

क) लिखित परीक्षा १०० अङ्क

ख) सीप परीक्षण २० अङ्क

ग) अन्तर्वार्ता ३० अङ्क

२) दफा ८ (१) बमोजिम संचालन हुने परीक्षाको उत्तिर्णाङ्क ४०% हुनेछ ।

३) दफा ८ (१) (ग) बमोजिमको अन्तर्वार्तामा अधिकतम ७०% र न्यूनतम ४०%अङ्क हुने छ।सो भन्दा बढि वा कम अङ्क दिएमा पुष्टाई समेत उल्लेख गर्नु पर्नेछ।

४) लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारहरुमात्र सीप परीक्षण र अन्तर्वार्तामा सहभागी हुनेछन ।

५) दफा ८ (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यालय सहयोगी पदमा अन्तर्वार्तावाट उम्मेदवार छनौट गरी पदपूर्ती गर्न सकिनेछ।

९.करार गर्नेः (१) कार्यालयले सूचिकृत गरेका मध्ये सफल उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

निगुता चन्द चौधरी
अध्यक्ष

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची - १ बमोजिमको कार्य-विवरण सहित अनुसूची - ५ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची - ५ बमोजिको पत्र कार्यालयले प्राविधिक कर्मचारीलाई दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम कार्यालयले कार्यविवरण दिँदा विषयगत शाखा समेत तोकी काममा लगाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा बढीमा छ (६) महिना लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी बढाउन तथा घटाउन सक्नेछ ।

---

(६) उपदफा (५) बमोजिम सेवा करारमा लिएको व्यक्तिलाई पुनः सेवा करारमा लिनु परेमा पुनः परीक्षण, छनौट र शुरू करार सरह मानि सम्झौता गरिनेछ ।

(७) प्राविधिक कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । पूर्वजानकारी नगराई ३(तीन) दिन सम्म कार्यालयमा अनुपस्थित भएमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

(८) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्तावाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

१०. कार्य शर्त,पारिश्रमिक र अवधि : (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका प्राविधिक कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलव स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयले कार्य-विवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन् ।

(३) कार्यालयले करारका प्राविधिक कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित विषयगत शाखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा स्थायी नियुक्ति हुनाका लागि कुनै पनि दावी गर्न पाउने छैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधी एक पटकमा ६ (छ) महिना भन्दा बढी हुने छैन ।

किशुन चन्द्र चौधरी
अध्यक्ष

११. पदपूर्ति समितिको काम कर्तव्य र अधिकारः

दफा (६) बमोजिमको पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कर्मचारी पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने ।

ख) उम्मेदवारहरुको दरखास्त संकलन तथा स्वीकृत गर्ने ।

ग) दफा (४) बमोजिम उम्मेदवारहरुको सूचीकरण गर्ने ।

घ) सूचीकरण भएका उम्मेदवारहरुको लिखित परीक्षा, सीप परीक्षा तथा अन्तर्वार्ता संचालन गर्ने ।

ङ) आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्ने।

च) प्रश्नपत्र तयार गर्ने ।

छ) दफा (८) बमोजिम परीक्षा संचालन गरी कर्मचारी छनौट गर्ने ।

ज) परीक्षा संचालनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने ।

झ) लिखित परीक्षा, सीप परीक्षण तथा अन्तर्वार्ता समेतका आधारमा उम्मेदवारको योग्यताक्रम निर्धारण गरी नियुक्तिका लागि सिफारिस गर्ने ।

१२. करार समाप्तीः(१)यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरवन्दीमा नेपालको संविधान बमोजिम कर्मचारी समायोजन वा स्थायी पदपूर्ति भइ आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ ।

(२) करार सम्झौता गरिएका कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक नभएको भनि कार्यरत विषयगत शाखाले सिफारिस गरेमा वा निजको कार्यसम्पादन तथा आचरण सन्तोषजनक नदेखिएको कार्यालयलाई लागेमा जुनसुकै बखत करारवाट हटाउन सकिनेछ ।

१३. विविधः यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

अनुसूची - १

(बुँदा ४.१सँग सम्बन्धित कार्यविवरणको ढाँचा)

शुद्धोधन गाउँकार्यपालिकाको कार्यालय

रुपन्देही

लुम्बिनी प्रदेश,नेपाल

कार्य विवरणको नमुनाः

प्राविधिक कर्मचारीको पद नामः　　काम गर्नुपर्ने स्थानः

प्राविधिक कर्मचारीको नामः

सुपरिवेक्षकः　　प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः

<u>कार्य विवरणः</u>

१.

२.

३.

४.

किशुन चन्द चौधरी
अध्यक्ष

अनुसूची - २

(बुँदा ४.१सँग सम्बन्धित आवेदनको ढाँचा)

शुद्धोधन गाउँकार्यपालिकाको कार्यालय

रुपन्देही

लुम्बिनी प्रदेश,नेपाल



करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७ / /)

.....गाउँपालिकाको लागी .....(विषयगत शाखा) मा रहने गरी .....(पद) को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

पद नाम	संख्या

२. <u>शैक्षिक योग्यता र अनुभव (नमुना) :</u>

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता (जस्तैः नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट Civil Engineering मा स्नातक (BE र कुनै सम्बद्ध विषयमा विषयमा स्नातकोत्तर गरेको ।

३. अनुभवको हकमा BE उतिर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा ..... वर्षको कार्य अनुभव भएको ।

४. .... वर्ष उमेर पुरा भई .... वर्ष ननाघेको हुनुपर्ने ।

५. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

३. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित् प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

किशुन चन्द चौधरी
अध्यक्ष

अनुसूची - ३

(बुँदा नं. ४ संग सम्बन्धित दरखास्त फारामको ढाँचा)

शुद्धोधन गाउँपालिकाको कार्यालय

रुपन्देही

लुम्बिनी प्रदेश,नेपाल

करारको लागि दरखास्त फाराम

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यही टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले

(क) वैयक्तिक विवरण

	नाम थर	(देवनागरीमा)		
		(अंग्रेजी ठूलो अक्षरमा)		लिङ्ग:
	नागरिकता नं:		जारी गर्ने जिल्ला :	मिति :
स्थायी ठेगाना	क) जिल्ला	ख) न.पा./गा.वि.स.		ग) वडा नं
	घ) टोल :	ङ) मार्ग/घर नं. :		च) फो नं,
पत्राचार गर्ने ठेगाना :				ईमेल
आमाको नाम, थर:		जन्म मिति :	(वि.सं.मा)	(ईस्वि संवतमा)
बाबुको नाम, थर :				
बाजेको नाम, थर :		हालको उमेर :	वर्ष	महिना

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

आवश्यक न्यूनतम योग्यता	विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था	शैक्षिक उपाधि/तालिम	संकाय	श्रेणी/प्रतिशत	मूल विषय
शैक्षिक योग्यता					
तालिम					

(ग) अनुभव सम्बन्धी विवरण

कार्यालय	पद	सेवा/समूह/उपसमूह	श्रेणी/तह	स्थायी/अस्थायी/करार	अवधि	
					देखि	सम्म

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटि वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

उम्मेदवारको ल्याप्चे सहीछाप		उम्मेदवारको दस्तखत
दायाँ	बायाँ	
		मितिः
कार्यालयले भर्ने:		
रसिद/भौचर नं. :	रोल नं. :	
दरखास्त अस्वीकृत भए सो को कारण :		
दरखास्त रुजु गर्नेको नाम र दस्तखतः मिति :	दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत मिति :	

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

किशुन चन्द्र चौधरी
अध्यक्ष

अनुसूची

(बुँदा ७.१ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

करार सम्झौता

.....गाउँ कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र .....जिल्ला, ...नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ..... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच .....गाउँपालिकाको .....(इन्जिनियर) को कामकाज गर्न गराउन मिति २०७ /...../..... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं

१. **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ।

२. **काम गर्नु पर्ने स्थान :**.....।

३. **करारमा काम गरे बापत पाँउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. .....(अक्षरेपी रु. .....पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले ...गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **विदाः** दोस्रो पक्षलाई सार्वजनिक बिदा बाहेक महिनाको १(एक) दिन थप भैपरी आउने बिदा उपलब्ध गराईने छ। साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ती दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।

८. **करार अवधिः** यो करार २०७... ।.....।.....देखि लागु भई २०७..... ।.....।..... सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र ५ दिन भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उलंघन गरेमा दोश्रो

किशुन चन्द्र चौधरी
अध्यक्ष

पक्षसंगको संझौता रद्द गर्न सक्नेछ र तेस्रो व्यक्ति सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा स्थायी नियुक्ति हुनाका लागि दावी गर्न पाउने छैन/गर्ने छैन ।

१२. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

<u>गाउँपालिकाको तर्फबाट :</u>

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छाप:

<u>दोस्रो पक्ष (करार गर्ने व्यक्ति):</u>

हस्ताक्षर :

नाम :

ठेगाना :

किशुन चन्द चौधरी
अध्यक्ष

अनुसूची

(बुँदा ७.२ सँग सम्बन्धित करार सूचना पत्रको ढाँचा)

शुद्धोधन गाउँकार्यपालिकाको कार्यालय

रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

मितिः

च.नं.

प.सं.

श्री .....

ठेगाना .....

विषयः करार सम्बन्धमा ।

तपाईलाई मिति २०७...।....।... निर्णयानुसार सूचिकरण गरिए बमोजिम ..... (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७....।....।... देखि २०७...।.....।.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

.....

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन ।

श्री वडा कार्यालय, ...

गाउँकार्यपालिकाको कार्यालय ।

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः

किशुन चन्द्र चौधरी
अध्यक्ष